का.जि.प्र.का.द.नं. १००/०५९/६०
१९ माघ २०८२
सोमबार
2 February 2026
Monday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २४, अंक ११। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# गाउँमा मतदाता सहरमा उम्मेदवार

**सहरका मतदातालाई गाउँ फर्काउन यातायात, प्रचारप्रसारसहितका चुनावी रणनीति तय गर्न, सचिवालय व्यवस्थापन तथा चुनावी खर्चलगायतका व्यवस्थापकीय पक्षमा उम्मेदवारहरू काठमाडौंमा व्यस्त छन् ।**














हामी घोषणापत्र तयारी, सचिवालयसहितका व्यवस्थापकीय पक्ष र चुनावी अभियानको जिम्मेवारी बाँडफाँटका काममा छौं । उम्मेदवारहरू कार्यकर्तासँगको भेटघाट, समन्वयमा हुनुहुन्छ ।

**पृथ्वी सुब्बा गुरुङ**
**उपाध्यक्ष, एमाले**



निर्वाचन आयोगले चुनावी आमसभा तथा प्रचारका लागि तोकेको फागुन ४ को समयसीलाई पालना गर्दै उम्मेदवारहरू एक चरण गाउँ घुमेर थप रणनीतिका लागि सदरमुकाम र काठमाडौं केन्द्रित छन्

**देवराज चालिसे**
**प्रवक्ता, कांग्रेस**



कतिपय दल र नेताहरूले चुनाव हुन्छ कि हुँदैन भन्ने संशय अझै व्यक्त गरेको सुनिन्छ । तर हामी बिनादुविधा उच्च मनोबलका साथ चुनाव हुने विश्वास लिएर चुनावी अभियानमा लागेका छौं ।

**हिमाल शर्मा**
**नेता, नेकपा**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १८ माघ

गाउँमा कार्यकर्ता र मतदाता उम्मेदवारको स्वागतका लागि कुरिरहेका छन् । उम्मेदवार भने अझै सहरमै केन्द्रित छन् । काठमाडौं, विराटनगर, पोखरालगायत सहरका अधिकांश पार्टी प्यालेस र क्याफे यतिबेला राजनीतिक कार्यक्रमले निकै व्यस्त छन् । दिनमै फरकफरक राजनीतिक दलका चुनावी कार्यक्रम हलैपिच्छे भइरहेका छन् । यसले देशभरका मतदाता सहरमा बढी छन् भन्ने संकेत गरेको छ ।

गत माघ ६ गते उम्मेदवारी मनोनयन गरेर सदरमुकाममा केही नेता कार्यकर्तासँग सामान्य भेटघाटपछि अधिकांश उम्मेदवार काठमाडौं केन्द्रित भएका हुन् । पार्टीका शीर्ष नेताहरू आफ्नो निर्वाचन क्षेत्रको प्रारम्भिक सर्भेक्षण गरेर थप रणनीति बनाउन व्यस्त रहँदा उम्मेदवार पनि आफ्ना क्षेत्रका सहरमा बस्ने मतदातासँगको संवादमा लागेको नेताहरूले बताएका छन् । निर्वाचन आयोगले फागुन ४ पछि मात्रै औपचारिक चुनावी अभियानको समयसीमा तोकेपछि दलहरू सहर केन्द्रित मतदाता भेटघाट, चुनावी रणनीति, आर्थिक तथा सचिवालय व्यवस्थापन, टिकट नपाएर रिसाएका नेताहरू फकाउनेलगायत काममा उम्मेदवार व्यस्त छन् । आफ्नो निर्वाचन क्षेत्र सर्लाही-४ मा एक हप्ताको अभियान सकेर काठमाडौं आएका नेपाली कांग्रेसका सभापति गगन थापा देशभरको चुनावी रणनीति बनाउन व्यस्त रहेको कांग्रेसले जनाएको छ ।

त्यस्तै, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली पनि झापा-५ मा आफ्नो चुनावी क्षेत्रका मदतादामाझ एकपटक पुगेर काठमाडौं फर्किएसँगै व्यवस्थापकीय पाटोमा काम गर्दै छन् । नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राप्रपालगायत सबै दल चुनावी व्यवस्थापकीय पक्षमा लाग्दै गर्दा उम्मेदवार पनि आन्तरिक व्यवस्थापन र सहर केन्द्रित मतदातासँग व्यस्त छन् । आन्तरिक व्यवस्थापनसँगै उनीहरूलाई पार्टीको सम्बन्धित जिल्ला-काठमाडौं सम्पर्क समितिले गरेका कार्यक्रममा समेत सम्बोधन गर्न भ्याई नभ्याइ छ । कांग्रेस सभापति थापा र एमाले अध्यक्ष ओली सम्पर्क समितिले गरेका अधिकांश कार्यक्रममा पुग्ने गरेका »» पृष्ठ २ मा

# ह्वात्तै बढ्यो मिथ्या सूचना

## भ्रामक प्रचार सामग्रीले हैरान मतदाता

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १८ माघ

२१ फागुनको निर्वाचन मिति नजिकिँदै जाँदा मिथ्या तथा भ्रामक सूचनाको प्रवाह तीव्र बनेको छ । सामाजिक सञ्जाल, अनलाइन पोर्टल र डिजिटल प्लेटफर्ममार्फत गलत सूचना र घृणास्पद अभिव्यक्ति फैलिएका छन् ।

निर्वाचन आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार १ सय ७५ वटा मिथ्या सूचना र घृणास्पद अभिव्यक्ति पहिचान भएको छ । जसमा १ सय २० कन्टेन्ट, ६ वटा एसएमएस, १५ वटा समाचारजन्य सामग्री र ३४ वटा अभिव्यक्ति रहेका छन् ।

निर्वाचन आयोगले हालसम्म हानिकारक सूचना उत्पादन तथा सम्प्रेषणमा संलग्न १ सय २० वटा कन्टेन्ट उत्पादक/सम्प्रेषकलाई विद्युतीय कारोबार ऐन २०६३ बमोजिम कारबाहीका लागि नेपाल प्रहरीको साइबर ब्युरोमा पठाइसकेको छ ।

दूरसञ्चार ऐन, २०५२ अन्तर्गत कारबाही गर्नुपर्ने ६ वटा विषय नेपाल दूरसञ्चार प्राधिकरणमा सिफारिस गरिएको छ । आयोगका अनुसार मिथ्या सूचना केवल नैतिक विषय मात्र नभई कानुनी अपराधको विषयसमेत भएकाले कारबाहीको दायरामा ल्याउन लागिएको हो ।

प्रेससम्बन्धी आचारसंहिता उल्लंघनका विषयसमेत पहिचान भएका छन् । १५ वटा समाचारजन्य सामग्रीको विषयमाथि आवश्यक कारबाहीका लागि प्रेस काउन्सिल नेपालमा पठाइएको छ । प्रेस काउन्सिल ऐन २०४८ बमोजिम कारबाहीका लागि पठाइएको हो ।

निर्वाचन आचारसंहिता उल्लंघनसँग सम्बन्धित ३४ वटा विषय भने केन्द्रीय आचारसंहिता अनुगमन समितिमा पठाइएको छ ।

निर्वाचन आयोगबाट प्राप्तपत्रअनुसार साइबर ब्युरो, केन्द्रीय अनुगमन समिति, प्रेस काउन्सिल नेपालले आवश्यक कारबाही अगाडि बढाउनेछ । कतिपय कन्टेन्ट नै हट्नेछन् भने कतिपय सच्याउने वा माफी माग्ने र कतिपयमा मुद्दा नै चल्ने अवस्था रहेको आयोगले जनाएको छ ।

निर्वाचनको मर्यादा र स्वच्छतामा प्रश्न उठाउनेगरी कुनै गतिविधि भएमा निर्वाचन आयोग, मुख्य निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन अधिकृतको कार्यालय, प्रदेश र जिल्ला निर्वाचन कार्यालय तथा जिल्ला आचारसंहिता अनुगमन अधिकृतसमक्ष लिखित, मौखिक एवं विद्युतीय माध्यमबाट उजुरी दिन सकिनेछ ।

निर्वाचन आयोगका अधिकारीहरू मिथ्या तथा भ्रामक सूचनाले मतदातालाई अन्योलमा पार्ने मात्र होइन, निर्वाचन प्रक्रियामै अविश्वास सिर्जना गर्ने खतरा रहन्छ । यसकारण आयोगले हानिकारक सूचना पहिचान गरेर कारबाही प्रक्रियामा अगाडि बढाएको हो ।

निर्वाचन आचारसंहिताको उल्लंघन हुनेगरी फैलाइएका मिथ्या, भ्रामक तथा घृणास्पद अभिव्यक्तिको निगरानी गर्न आयोगले निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्र नै स्थापना गरेको छ । त्यसअन्तर्गतको सूचना सदाचार प्रवर्धन इकाइ पूर्ण रूपमा क्रियाशील बनाइएको छ ।

तथापि, मिथ्या सूचना नियन्त्रणका लागि कारबाही आवश्यक भए पनि यो दीर्घकालीन समाधान भने होइन । मतदाता स्वयंले सूचना छान्ने क्षमता »» पृष्ठ २ मा

**१७५ चुनावी दुष्प्रचार**

- १२० कन्टेन्ट
- ६ वटा एसएमएस
- १५ वटा समाचारजन्य सामग्री
- ३४ वटा अभिव्यक्ति








**वैदेशिक रोजगार विशेष**

# दबाब दिए इपिएस रोकिने कोरियाको चेतावनी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ माघ

दक्षिण कोरियाले भाषा र सीप परीक्षा पास गरी बसेका नेपालीको रोस्टरको समय बढाउनुपर्ने माग र दबाबले नेपालमा रहेका आफ्ना कर्मचारीमाथि असुरक्षा बढेको बताएको छ ।

दक्षिण कोरियाले रोजगार अनुमति प्रणाली (इपिएस) अन्तर्गत नेपाली कामदार आफ्नो मुलुकमा पठाउन सहजीकरण गर्ने उद्देश्यले एचआरडी कोरियाअन्तर्गत नेपालमा कर्मचारी राखेको छ । दक्षिण कोरियाले सुरक्षाकै कारण आफ्ना कर्मचारी फिर्ता बोलाउन परे पुन: एचआरडी अन्तर्गत कर्मचारी पठाउन सम्भव नरहेको बताएको छ ।

नेपाल र कोरियाबीच इपिएस सम्झौता नवीकरणको गृहकार्य »» पृष्ठ २ मा

## इरान भ्रमण नगर्न ट्राभल एड्भाइजरी

**काठमाडौं/मस–** नेपालले इरानमा भएका नेपालीलाई जतिसक्दो छिटो स्वदेश फर्किन आग्रह गरेको छ । अमेरिका र इरानबीच तनाव बढ्दै गएपछि परराष्ट्र मन्त्रालयले आइतबार 'ट्राभल एड्भाइजरी' जारी गर्दै इरानमा रहेका नेपालीलाई सकेसम्म छिटो नेपाल फर्किन र इरान जाने तयारी गरिरहेकाले भ्रमण स्थगित गर्न आग्रह गरेको छ ।

इरानका सर्वोच्च नेता अयातोल्लाह »» पृष्ठ २ मा

## नेपाली बन्दीको आममाफीमा युएई सरकारप्रति कृतज्ञता

**काठमाडौं/रासस–** नेपाल सरकारले संयुक्त अरब इमिरेट्स (युएई) सरकारको ५४औं राष्ट्रिय दिवस (ईद अल एतिहाद) का अवसरमा २६७ जना नेपाली बन्दीलाई उदारतापूर्वक प्रदान गरिएको आममाफीप्रति युएई सरकारप्रति कृतज्ञता व्यक्त गरेको छ । नेपाल सरकारले यस आममाफीलाई नेपाल र संयुक्त अरब »» पृष्ठ २ मा

# ७० वर्षमाथिका नागरिकलाई घरमै स्वास्थ्य सेवा

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, १८ माघ

काठमाडौं महानगरले ७० वर्षमाथिका ज्येष्ठ नागरिकका लागि घरमै आधारभूत स्वास्थ्य सेवा सुरु गरेको छ । साथै, ज्येष्ठ नागरिकको स्वास्थ्य सर्वेक्षणको पनि थालनी गरिएको छ ।

कार्यवाहक मेयर सुनिता डंगोलले आइतबार घरघरै स्वास्थ्य सेवाको उद्घाटन गरेकी हुन् । उनी स्वास्थ्यकर्मी लिएर ज्येष्ठ नागरिक भेट्न हिँडेकी छन् । काठमाडौं महानगरका मेयर बालेन्द्र शाहले राजीनामा दिएपछि कार्यवाहक मेयर बनेकी उपमेयर डंगोलले सक्रियता बढाएकी हुन् ।



७० वर्ष वा सोभन्दा माथिका ज्येष्ठ नागरिकका स्वास्थ्य समस्याबारे सर्वेक्षण पनि सँगसँगै सुरु गरिएको महानगरले जनाएको छ । अहिले अधिकांश घरमा सुगर, प्रेसर, कोलेस्ट्रोलजस्ता समस्या सामान्यजस्तै भएको छ । समयसमयमा स्वास्थ्य अवस्था जाँच गराउनुपर्ने र अशक्त ज्येष्ठ नागरिकहरूलाई फलोअपमा लैजान पनि समस्या हुने देखिएपछि महानगरले घरमै सेवा सुरु गरेको हो । घरघरमा जाने नर्सिङ कर्मचारीका लागि तालिमसहित स्वास्थ्य परीक्षण गर्ने सामग्री, औषधि र स्वास्थ्य सर्वेक्षणको फारमसहित पठाएको छ ।

'जसको केही छैन, आर्थिक अवस्था कमजोर छ । जसको कोही छैन तर सम्पत्ति छ । सहयोग गर्ने परिवारका सदस्य कोही साथमा छैनन् । त्यस्ता ज्येष्ठ नागरिकलाई पहिलो प्राथमिकतामा राखेर घरमै सेवा दिने लक्ष्यसहित सर्वेक्षण थालनी गरेका छौं,' कार्यवहाक मेयर डंगोलले भनिन् । शारीरिक अशक्तता र दीर्घ रोगका कारण हिँडडुल गर्न नसक्ने तथा स्वास्थ्य उपचारका लागि नियमित स्वास्थ्य संस्थामा जान नसक्ने ज्येष्ठ नागरिकलाई यो सेवाले राहत मिल्ने अपेक्षा गरिएको उनले बताइन् ।

सर्वेक्षणमा जाने स्वास्थ्यकर्मीलाई अपेक्षित नतिजाका लागि प्रेरित गर्दै डंगोलले भनिन्, 'यो मानवीय सेवाको काम पनि हो । कोही नभएका र केही नभएका ज्येष्ठ नागरिकलाई हाम्रा लागि पनि कोही रहेछन् । पर्दा सहयोग पाइने रहेछ भन्ने मनदेखि नै अनुभूति गराउने आचरण गर्नुहोला ।' विदेशमा भएका सन्तानलाई जानकारी गराएर मात्रै स्वास्थ्य जीवनका लागि सहयोग गर्न टेलि मेडिसिन प्रणाली बनाउन लागिएको उनले बताइन् ।

यसअघि सर्वेक्षणमा जाने नर्सिङ कर्मचारीहरूलाई पाँचदिने अभिमुखीकरण प्रदान गरिएको थियो । यस्तै, स्वास्थ्य जाँच गर्ने साधन तथा उपकरण प्रदान गरिएको छ । स्वास्थ्य जाँच गर्न प्रदान गरिएका सामग्रीहरूमा ब्लडप्रेसर मोनिटर, ग्लुकोमिटर, डिजिटल थर्मोमिटर पल्स अक्सिमिटर, स्वास्थ्य अभिलेख फाराम, भेटको लगबुक, तथ्यांक भर्ने ट्याब्लेट छन् । यस्तै, स्टेराइल गज, ब्यान्डेज, एन्टिसेप्टिक ब्यान्डेज, ट्रयाङगुलर ब्यान्डेज क्रेप ब्यान्डेज, एन्टिसेफ्टिक वाइप, कपास, मेडिकल टेप, स्टेराइल ड्रेसिङ सेट दिइएको छ । पारासिटामोल आइबुप्रोफेन, एन्टिसेफ्टिक घोल, एन्टासिड ट्याब्लेट, ओरल रिहाइड्रेसन सोलुसन, पोलेको ठाउँमा लगाउने मलम, एलर्जीका लागि एन्टिहिस्टामिन चक्कीसहित औषधि दिइएको छ ।

यो अभियानमा घरघरमा पुगेर ज्येष्ठ नागरिकलाई औषधि व्यवस्थापन र पोषण परामर्श दिइने महानगरले जनाएको छ । मानसिक र सामाजिक अवस्था »» पृष्ठ २ मा



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१९ माघ २०८२ सोमबार
2 February 2026 Monday

### गाउँमा...

छन् । पार्टीका तल्लो तहका कार्यकर्ताले उम्मेदवारलाई चाँडो गाउँ पस्न दबाब बढाए पनि निर्वाचन आयोगले चुनावी कार्यक्रमको औपचारिक समय फागुन ४ पछि मात्रै दिएको छ । फागुन २१ मा हुने प्रतिनिधि सभाको निर्वाचनको व्यापक तयारीमा जुटेका दल र तीनका उम्मेदवारहरू निर्वाचन आचारसंहिता पालना गर्दै आन्तरिक व्यवस्थापनमा लागेकाले अझै गाउँ केन्द्रित भइनसकेको बताउँछन् । ७७ वटै जिल्लाका नागरिक सहर केन्द्रित छन् । पढाइ, रोजगारी र पारिवारिक बसाइँलगायत कारणले अस्थायी बसोबास मुख्य सहरमा बनाएका जिल्लाका मतदातासँग अनौपचारिक भेटघाट, अन्तर्क्रिया गर्ने, सहयोग माग्ने अभियानमा उम्मेदवार जुटेका हुन् । सबै पार्टीका सम्बन्धित जिल्ला-काठमाडौं सम्पर्क समितिहरूले त्यस्ता भेटघाटका कार्यक्रमको संयोजन गर्ने गरेका छन् । देशभरका कम्तीमा १५ लाख मतदाता काठमाडौंमा छन् । त्यस्तै, पोखरा, विराटनगर, वीरगन्ज, चितवन, हेटौंडा, नेपालगन्ज, बुटवल, सुर्खेतलगायतका सहरी क्षेत्रमा पहाडी र भित्री मधेशका मतदाता अस्थायी बसोबास गर्छन् । उनीहरूलाई उम्मेदवारले मतदानका लागि चुनावमा गाउँ लैजाने योजना बनाइरहेका छन् । उम्मेदवारहरू आफ्नो निर्वाचन क्षेत्र छाडेर भोट माग्न र आन्तरिक व्यवस्थापनको पक्षलाई चुस्त बनाउन लागेको नेताहरूले बताएका छन् ।

ओखलढुंगा, खोटाङ र सोलुखुम्बुका सबैजसो पार्टीका सम्पर्क समितिले चुनावी कार्यक्रम गरिसकेका छन् । नेपाली कांग्रेस ओखलढुंगाले आफ्ना उम्मेदवारलाई जिताउन जिल्लाबाहिरका ठुला सहर पोखरा, काठमाडौं र इटहरिमा औपचारिक कार्यक्रम सम्पन्न गरिसकेको जिल्ला सभापति तेजेन्द्र खनालले बताए । एमाले र नेकपाले समेत काठमाडौंमा चुनाव लक्षित कार्यक्रम धमाधम गरिरहेका छन् । सहरका मतदातालाई गाउँ फर्काउन यातायात, प्रचारप्रसारसहितका रणनीति तय गर्न सचिवालय, चुनावी खर्चलगायतका व्यवस्थापकीय पक्षमा उम्मेदवारहरूले काम गरिरहेको नेताहरूले जानकारी दिए । त्यस्तै, घोषणापत्र तयारीको मागसमेत तीव्रताका साथ भइरहेको उनीहरूको भनाइ छ ।

नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले प्रारम्भिक चरणमा सहर र सदरमुकाममा रहेका कार्यकर्ता र मतदातालाई भेट्ने, आवश्यक जिम्मेवारी दिने, निर्वाचन पूर्वतयारीसम्बन्धी व्यवस्थापकीय काम गर्ने काम भइरहेको बताए । 'कतिपय उम्मेदवारहरू एक चरण गाउँ घुमेर थप रणनीतिका लागि सदरमुकाम केन्द्रित भएका छन्,' उनले भने । निर्वाचन आयोगले चुनावी आमसभा तथा प्रचारका लागि तोकेको फागुन ४ को समयसीमालाई समेत मध्यनजर गरेर आचारसंहिता पालना गर्दै आवश्यक तयारीमा रहेको चालिसेले मध्यान्हलाई बताए । 'फागुन ४ गतेपछि चुनावी सभा धमाधम हुन्छन्,' उनले भने, 'सभापति गगन थापालाई आफ्नो निर्वाचन क्षेत्रसँगै देशभरका साथीहरूलाई जिताउन चुनावी सभामा जाने कार्यक्रम तालिका बनाउँदै छौं ।' घोषणापत्र तयारीको कामसमेत भइरहेकाले माघ अन्तिमसम्ममा घोषणा पत्रसहित औपचारिक चुनावी अभियान लिएर गाउँगाउँमा पुग्ने उनको दाबी छ ।

प्रतिनिधि सभा चुनावका कारण तराईका जिल्लामा रौनक आए पनि पहाडी जिल्लाहरू भने सुनसान छन् । पहाडका लागि चुनावी 'ब्याटल ग्राउन्ड' त्यहाँका भीरपाखा र बस्तीहरू नभई काठमाडौंका चिल्ला सडक र तराईका सहर बनेका छन् । तीव्र बसाइँसराइको चपेटामा परेका सोलुखुम्बु, ओखलढुंगा र खोटाङ, भोजपुर, ताप्लेजुङ, दोलखा, रामेछाप, स्याङजा, लम्जुङ दैलेखलगायत पहाडी जिल्लाका दूर गाउँहरू अझै सुनसान नै छन् ।

नेकपा एमालेबाट लमजुङका उम्मेदवारसमेत रहेका पार्टी उपाध्यक्ष पृथ्वी सुब्बा गुरुङले चुनावअघि गर्नुपर्ने पूर्वतयारीका काममा व्यस्त रहेको बताए । उनले भने, 'हामी यो माघ महिनाभरि घोषणापत्र तयारी, व्यवस्थापकीय पक्षलाई बलियो बनाउने र सचिवालयसहितका चुनावी अभियानका जिम्मेवारी बाँटफाँटका काममा लागेका छौं । उम्मेदवारहरू कार्यकर्तासँगको भेटघाट, समन्वयमा हुनुहुन्छ ।' काठमाडौंलगायत सहरमा बस्ने मतदाता अझै बढी सचेत र जागरुक हुने भएकाले पहिलो चरणमा ती मतदातासँग अनौपचारिक भेटघाटमा रहेको उनको भनाइ छ ।

पहाडी जिल्लाबाट सेवासुविधा, शिक्षा र रोजगारीको खोजीमा तराई र काठमाडौं पस्ने लहरले गर्दा निर्वाचनको मौलिक स्वरूप नै परिवर्तन गरेको ग्रामीण भेगका मतदाताहरूले टिप्पणी गरेका गरेका छन् । 'उम्मेदवार हरूले अब गाउँका पाखापखेरामा पसिना बगाउनुभन्दा सहरका 'पार्टी प्यालेस'मा भोजभतेर र भेला गरेर भोट सुरक्षित गर्नुपर्ने जमाना आयो,' नेकपा एमालेका नेता विशाल भट्टराईले भने, 'गाउँमा बसेर त्यहाँको दुःख र अभाव झेलेको राजनीतिक नेताहरू भन्दा सामाजिक सञ्जालमार्फत अभियान चलाउन नेता बढी सक्रिय हुँदै गएका छन् । यसले गाउँको वास्तविकता पहिचान हुन सक्दैन ।'

जनप्रतिनिधि छान्न मतदातालाई गाडी रिजर्भ गरेर सहरबाट गाउँ लैजानुपर्ने अवस्थाले निर्वाचनसमेत खर्चिलो भएको छ । नेपाली कम्युनिस्ट पार्टीका नेता हिमाल शर्माले मतदातासँगको भेटघाट, पार्टी बैठक, कार्यालय व्यवस्थापनलगायतका काममा लागेको बताए । 'उम्मेदवारहरूका लागि औपचारिक कार्यक्रम गर्न फागुन ४ पछि मात्रै पाइने भएकाले अनौपचारिक छलफल, क्याम्पेनिङ, मतदाता संवादलगायतका काममा व्यस्त छौं,' उनले मध्यान्हसँग भने, 'कतिपय दल र नेताहरूले चुनाव हुन्छ कि हुँदैन भन्ने संशय अझै व्यक्त गरेको सुनिन्छ । तर हामी बिनादुविधा उच्च मनोबलका साथ चुनाव हुने विश्वास लिएर चुनावी अभियानमा लागेका छौं ।' निर्वाचनको मिति घोषणा भएदेखि नै मुलुकलाई राजनीतिक निकास दिन चुनाव हुनुपर्छ भन्ने दृढताका साथ राजनीतिक अभियान चलाउँदै आएको शर्माले बताए ।

### ह्वाते ...

विकास नगरेसम्म गलत सूचना अर्को रूपमा पुनः फैलिने जोखिम रहिरहन्छ । यसलाई ध्यानमा राखेर आयोगले आफैं निर्वाचन शिक्षा प्रदान गर्ने उद्देश्यले आयोगको निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्रअन्तर्गतको मतदाता शिक्षा इकाई आफैं प्रचारजन्य सामग्री उत्पादन र सम्प्रेषणमा जुटेको छ । जसले हालसम्म जम्मा १ सय ५८ वटा सामग्री आयोगबाट स्वीकृत गराई आयोगको आधिकारिक फेसबुक पेज, एक्स, टिकटक र युट्युबमा राखिएको छ ।

मतदाता, राजनीतिक दल, उम्मेदवार तथा सरोकारवालालक्षित निर्वाचन आयोगले सार्वजनिक गरेका प्रचार सामग्रीले निर्वाचनको स्वच्छता बढाउने र नागरिकलाई आधिकारिक तथा विश्वसनीय सूचना प्राप्त हुने र मिथ्या तथा भ्रमपूर्ण सूचनाको प्रभाव न्यूनीकरणमा सहयोग पुग्ने विश्वास लिइएको छ ।

यसका साथसाथै निर्वाचन आयोगले मतदाता शिक्षा कार्यक्रमसमेत अगाडि बढाउँदै छ ।

आयोगले आगामी साताभित्रै मतदाता शिक्षासम्बन्धी कार्यक्रमलाई अन्तिम रूप दिँदै छ । त्यसपछि सबै स्थानीय तहमा मतदाता मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

मतदातालाई मतदान प्रक्रियाबारे स्पष्ट जानकारी दिनु, मतपत्र प्रयोग गर्ने सही तरिका बुझाउनु तथा मतदान गर्दा ध्यान दिनुपर्ने विषयमा सचेत गराउनु कार्यक्रमको मुख्य लक्ष्य रहनेछ । यसक्रममा मिथ्या सूचनाको भ्रम चिर्ने प्रयाससमेत हुनेछ ।

### दबाब...

भइरहेका बेला कोरियाको श्रम तथा रोजगार मन्त्रालयको मानव संशाधन हेर्ने विभागीय प्रमुखको टोलीले सियोलस्थित नेपाली दूतावासमार्फत सुरक्षाको चासो उठाएको हो ।

कोरियाको भाषा र सीप परीक्षा पास गरी लामो समयदेखि पर्खाइमा रहेका केही नेपालीले रोस्टरको समय बढाउनुपर्ने माग गर्दै इपिएस कार्यालय ग्वार्को घेराउ गरिरहेका छन् । नेपालीले रोष्टरको हालको दुई वर्षे अवधिमा पुनरावलोकन गर्न माग गरेका छन् । भाषा परीक्षालगायत अन्य मापदण्ड पूरा गरेका नेपालीले रोस्टर अवधि थपसहित रोस्टरमा नाम चढेका ९० प्रतिशतको रोजगारी सुनिश्चित हुनुपर्ने माग राखेका छन् । तर दक्षिण कोरियाले नेपालका लागि मात्रै छुट्टै नीति बनाउन नसक्ने भन्दै नेपालले इपिएसअन्तर्गत रहेका अन्य १७ मुलुकसरहको प्रणाली प्रयोग गर्नुपर्ने जवाफ दिएको छ ।

यता श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मागकर्ताहरूले राखेका मागका विषयमा वार्ता समिति गठन गरी इपिएस कोरिया शाखाले नियमित रूपमा मन्त्रालय, विभाग, एचआरडी कोरिया, आन्दोलनरत पक्ष र नेपाली दूतावाससँग अनलाइनमार्फत समस्या सामाधानको पहलका लागि निरन्तर पत्राचार गरिरहेको बताएको छ ।

रोस्टर अवधी थप, रोस्टरमा भएको ९० प्रतिशत उत्तीर्णहरूको रोजगारी सुनिश्चितता, पहिला आउने पहिलो प्राथमिकताको आधारमा रोस्टरमा इस्युको प्रबन्ध मिलाउने, सेक्टर परिवर्तन गराउनुपर्ने र हरेक उत्तीर्णहरूको कम्तीमा २० देखि २५ पटकसम्म रोजगारदाताको मागसँग प्रोफाइल म्याचिङको सुनिश्चिततालगायतका विषयमा कोरियाली पक्षसँग वार्ताको तयारीमा रहेको बताएको छ ।

कोरियन पक्षबाट आमन्त्रणसहितको जानकारी आएलगत्तै एक उच्चस्तरीय टोली दीर्घकालीन रूपमा समस्या समाधानार्थ छिट्टै दक्षिण कोरिया प्रस्थान गर्ने कार्यक्रम रहेको मन्त्रालयले बताएको छ ।

मन्त्रालयबाट समस्या सामाधानका लागि गठित छानबिन समितिले बुझाएको प्रतिवेदनमा औंल्याइएका सुझावहरू सम्बन्धित निकायबाट क्रमशः कार्यान्वयनमा गइरहेको भन्दै मन्त्रालयले आन्दोलनमा उत्रिएका पक्षले वास्तविकता बाहिर नजान र शंका उपशंका नगर्न आग्रह गरेको छ ।

### इरान...

अली खामेनीले कुनै पनि आक्रमणले क्षत्रीय द्वन्द्व निम्त्याउने चेतावनी दिएका छन् । तस्निम समाचार एजेन्सीले खामेनीलाई उद्धृत गर्दै भनेको छ, 'अमेरिकीहरूलाई थाहा हुनुपर्छ कि यदि उनीहरूले युद्ध सुरु गरे भने यस पटक यो क्षत्रीय युद्ध हुनेछ ।'

नेपाल सरकारले त्यहाँ रहेका नेपालीलाई आफ्ना महत्वपूर्ण डकुमेन्टहरू पासपोर्स्ट, परिचयपत्रलगायतहरू सहजै भेटिने स्थानमा राख्न र कतारस्थित नेपाली दूतावास वा परराष्ट्र मन्त्रालयको सम्पर्कमा रहिरहन भनेको छ ।

अमेरिका-इरान तनाव युद्धमा परिणत भएमा ठुलो संख्यामा रहेका नेपाली कामदार प्रभावित हुनेछन् । साउदी अरेबियाले वार्ता र कूटनीतिक तरिकाले अमेरिका र इरानबीचका सबै विवादास्पद मुद्दाहरूको शान्तिपूर्ण समाधान खोज्नुपर्ने भन्दै इरानविरुद्ध कुनै पनि सैन्य कारबाहीमा आफ्नो हवाई वा स्थल प्रयोग गर्न साउदी अरेबियाको अस्वीकार यथावत् रहेको बताएको छ । साउदीका युवराज मोहम्मद बिन सलमानले गत हप्ता इरानी राष्ट्रपति मसूद पेजेस्कियानलाई साउदीले इरानमाथि कुनै पनि सैन्य आक्रमणका लागि आफ्नो हवाई क्षेत्र वा भूमि प्रयोग गर्न नदिने बताएका छन् ।

### नेपाली...

इमिरेट्सबीच विद्यमान द्विपक्षीय सम्बन्धमा रहेको मैत्री, सद्भावना तथा सौहार्दताको प्रतीकका रूपमा लिँदै युएई सरकारको यस मित्रवत् र मानवीय कदमको एक विज्ञप्ति निकालेर सराहना गरेको हो ।

उक्त आममाफीको निर्णय परराष्ट्र मन्त्रालयको निर्देशनअनुसार आबुधाबीस्थित नेपाली दूतावासले पटकपटकको अनुरोधको प्रत्युत्तरस्वरूप मित्रराष्ट्र युएई सरकारले आममाफीको निर्णय गरेको विज्ञप्तिमा जनाइएको छ । माफी पाएका नेपाली नागरिकविरुद्ध अन्य कुनै बाँकी कानुनी मुद्दा वा प्रतिबन्ध नरहेको अवस्थामा युएईको प्रचलित कानुनअनुसार आवश्यक कानुनी प्रक्रिया पूरा गरेपछि स्वदेश फर्कन सक्नेछन् ।

### ७० वर्षमाथिका...

बलियो बनाउन घरपरिवार भेटघाट तथा संवाद कार्यक्रम सञ्चालन हुन्छ भने दीर्घ रोग नियन्त्रण गर्ने प्रयास गरेको छ । कार्यक्रमका उद्देश्यबारे स्वास्थ्य विभाग प्रमुख दीपक केसीले अब आकस्मिक अवस्थाका लागि छिटो उपचार पाउने रिफरल प्रणाली विकास गरिने बताएका थिए । व्यायाम, मानसिक स्वास्थ्य, सरसफाइका विषयमा परामर्शलगायत संकलन गरिएको तथ्यांकका आधारमा भविष्यमा ज्येष्ठ नागरिकका जोखिम न्यूनीकरणका बजेट, योजना तथा कार्यक्रम तर्जुमालाई वास्तविक बनाउने उनले बताए ।

## पत्रकार दिनेश सिटौलाको निधन




**काठमाडौं/मस–** चलचित्र पत्रकार संघ नेपालका निवर्तमान अध्यक्ष दिनेश सिटौलाको निधन भएको छ । आइतबार मध्याह्न १२:४५ बजे उनको निधन भएको ग्राण्डी अस्पतालले प्रेस विज्ञप्तिमार्फत जानकारी दिएको छ । विज्ञप्तिमा भनिएको छ, 'चिकित्सकीय प्रोटोकलअनुसार, मस्तिष्कको कार्य क्षमता परिक्षण गर्न एप्निय परीक्षण गरियो जुन पोजिटिभ थियो । जसले स्वतः श्वासप्रश्वास नभएको जनाउँछ । र उहाँको १२:४५ बजे निधन भएको जानकारी गराउँछौं ।' अछाममा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन शाहको चुनावी प्रचारमा सहभागी भइरहेका बेला एक्कासी बेहोस भएका थिए । त्यसपछि उनलाई नेपाली सेनाको हेलिकप्टरमार्फत काठमाडौं ल्याइएको थियो ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/१०/१९**

यस कम्पनीको मिति २०८२/०८/२२ को शेयरधनीको निर्णय बमोजिम साविकको कम्पनी **टाइम्स कन्सल्टिङ एण्ड वेस्ट म्यानेजमेन्ट सोलुसन्स प्रा.लि.** (Times Consulting And Waste Management Solution Pvt Ltd) (दर्ता नं. ३०९९७९) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने गरी कम्पनी रजिष्ट्राको कार्यालयको मिति २०८२/०८/२४ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **टाइम्स ईन्भेष्टमेन्ट एण्ड प्रोपर्टी म्यानेजमेन्ट प्रा. लि.** (Times Investment And Property Management Company Private Limited) कायम गरिएको जानकारी गराईन्छ ।

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**, गौर, रौतहट

**अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रमका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/१०/१९**

कृषि ज्ञान केन्द्र रौतहटको चालु आ.व. २०८२ २०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम (८५% अनुदान) को प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८२ बमोजिम मधेश प्रदेशका कृषक / कृषक समूह / कृषि सहकारी/संस्था/निजी कृषि फर्म तथा कृषि उद्यमीहरूलाई प्राङ्गारिक मल सहयोगका लागि आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । इच्छुक आवेदकहरूले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (अर्थात् २०८२।११।०४ गते) भित्र देहायका कागजातहरू संलग्न गरी निवेदन सहित आवेदन दर्ता गर्नुहुन अनुरोध गरिन्छ । साथै म्याद नाघेका वा अपूर्ण विवरणयुक्त आवेदनहरू छनौट प्रक्रियामा समावेश गरिने छैनन् ।

**पेश गर्नुपर्ने कागजातहरुको विवरणः**
१. जग्गाधनी पुर्जाको प्रतिलिपी ।
२. नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।
३. समूह वा संस्थाको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि
४. समूह वा संस्थाको हकमा नविकरण भएको प्रमाणपत्र वा कम्पनीको हकमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्राप्त अद्यावधिक प्रमाणपत्रको प्रतिलिपि ।
५. समूह वा संस्थाको हकमा स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) प्रमाणपत्रको प्रतिलिपि र अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र ।
६. समूह वा संस्थाको हकमा निर्णयको प्रमाणित प्रतिलिपि ।
७. अख्तियार प्राप्त पदाधिकारीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र हालसालै खिचिएको पासपोर्ट साइजको फोटो १ प्रति ।

**कार्यक्रम सम्बन्धी विस्तृत विवरण यस कार्यालयको वेबसाइट www.akerautahat.madhesh.gov.np बाट वा सूचना अधिकारीको सम्पर्क नं. ९८५५०४०१२९ मा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।**
**"सायिक र सिर्जनशील प्रशासनः निकास, समृद्धि र सुशासन**

## साइप्रसमा रोजगार

१. कम्पनीः **MAVROMATIS EMPLOYMENT BUREAU LTD** शहरः **Cyprus, Larnaca**
पूर्व स्वीकृत मितिः २०८२/०२/०७ चलानी नं.: ६०२३८१९० LT. No.: 324243 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bartender | 2 | 0 | सम्बन्धित काममा दक्ष | 800 | १४०,४५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Pestry | 2 | 0 | | 592 | १०३,९३७ | | | | | | | |
| 3. | Spa Therapist | 0 | 1 | | 800 | १४०,४५६ | | | | | | | |

२. कम्पनीः **MAVROMATIS EMPLOYMENT BUREAU LTD** शहरः **Cyprus, Larnaca**
पूर्व स्वीकृत मितिः २०८२/०१/२४ चलानी नं.: ६०२३७३०५ LT. No.: 323305 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 5 | 0 | सम्बन्धित काममा दक्ष | 800 | १४०४५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Employee | 0 | 1 | | 750 | १३१६७७ | | | | | | | |

३. कम्पनीः **MAVROMATIS EMPLOYMENT BUREAU LTD** शहरः **Cyprus, Larnaca**
पूर्व स्वीकृत मितिः २०८२/०२/०७ चलानी नं.: ६०२३८१८८ LT. No.: 324241 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labor | 10 | 0 | स. काममा दक्ष | 1265 | २२२,०९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनीः **MAVROMATIS EMPLOYMENT BUREAU LTD** शहरः **Cyprus, Larnaca**
पूर्व स्वीकृत मितिः २०८२/०२/०७ चलानी नं.: ६०२३८१८९ LT. No.: 324242 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/Waitress | 0 | 9 | स. काममा दक्ष | 592 | १०३,९३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनीः **C. & C. Private Employment AGency-Lic. No.310** शहरः **Cyprus**
पूर्व स्वीकृत मितिः २०८२/०७/१८ चलानी नं.: ६०२४६९६१ LT. No.: 333030 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 5 | 1 | स. काममा दक्ष | 400 | ७०,२२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनीः **C. & C. Private Employment AGency-Lic. No.310** शहरः **Cyprus**
पूर्व स्वीकृत मितिः २०८२/०७/१८ चलानी नं.: ६०२४६९६० LT. No.: 333029 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | EMPLOYEE | 4 | 0 | स. काममा दक्ष | 800 | १४०४५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

७. कम्पनीः **C. & C. Private Employment AGency-Lic. No.310** शहरः **Cyprus**
पूर्व स्वीकृत मितिः २०८२/०७/१८ चलानी नं.: ६०२४६९६२ LT. No.: 333031 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 9 | 0 | स. काममा दक्ष | 800 | १४०४५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

८. कम्पनीः **D.I. MAIN-LINE JOB AGENCY** शहरः **Limassol**
पूर्व स्वीकृत मितिः २०८१/१०/२३ चलानी नं.: ६०२३२५०३ LT. No.: 318291 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 2 | स. काममा दक्ष | 750 | १३१६७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

९. कम्पनीः **C. & C. Private Employment AGency-Lic. No.310** शहरः **Cyprus**
पूर्व स्वीकृत मितिः २०८२/०७/१८ चलानी नं.: ६०२४६७९८ LT. No.: 333032 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 5 | सम्बन्धित काममा दक्ष | 800 | १४०४५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 0 | 2 | | 700 | १२२८९९ | | | | | | | |
| 3. | Housekeeper | 0 | 5 | | 700 | १२२८९९ | | | | | | | |
| 4. | Laborer | 0 | 5 | | 700 | १२२८९९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २६ गते (9 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | कम्पनी १,२,३,४ रु. ३०,००० कम्पनी ५,६,७ रु. १०,००० र कम्पनी ८ र ९ रु. २५,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**KALINCHOK H. R. PVT. LTD.**
License No.: 1406/074/075
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal
Tel: 014980649, 9869035521, 9801081748, 9761741350. Email: info@kalinchokhr.com.np

# कुमाख गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रागेचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८२/१०/१९**

यसकार्यालयको आ. व. २०८२।०८३ को लागि www.bolpatra.gov.np/egp मा प्रथम पटक प्रकाशित बोलपत्र सूचना बमोजिम विद्युतीय (E-bidding) मार्फत पेश हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिएको तपसिल बमोजिमको बोलपत्र स्वीकृतीको लागि छनौट भई आशयपत्र दिने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र स | ठेक्का नं. | ठेक्काको नाम | बोलपत्रदाताको नाम | कबोल रकम (भ्याट र पिस बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | KRM-NCB-W-02-2082/083 | Construction of community health unit building Tatkechaur Kumakh 01 salyan | Saphal Nirman Sewa Sarada Na pa 02 salyan | ५३८४७७७.५ | |
| 2 | KRM-NCB-W-06-082-083 | Construction of Neta Dekhi Dadakateri Sadak storunnati Santibazar sadak nirman Sadak Nirman ,Baalkalyan Aabi field Nirman Gaupalika Sadak Nirman | jenisha Construction | २०५४८१३.०३ | |
| 3 | KRM-NCB-W-05-2082/083 | Construction & Upgrading of different Road Projects in Kumakh Rural Municipalityward no 5 Salyan | Dynamic Kumakh Nirman Sewa and Suppliers | २८६९९२.९७ | |
| 4 | KRM-NCB-W-07-082-083 | Construction of Mahendra Mabi dekhi praakritik aabi turture sadak starunnati , Ghodabanne dekhi chayaukhola samma sadak nirman , Kasaari khola dekhi sanipathihalna samma sadak starunnati ,Bheri Khola dekhi Kotnaula hudai Ramri samma Sadak Starunnati , Milghar dekhi amarpalay samma sadak starunnati , Simaldada dekhi chahare khola simatare samma sadak nirmaan ward no 7 | Jenisha Construction | १९४९२७३.०५ | |

**प्रमुख प्रशासकीय अधिकृत**

Dipayal Silgadhi Municipality
**Water Sector Governance and Infrastructure Support Project (WaSGISP)**
**Dipayal Silgadhi Project Implementation Unit (DSPIU)**
**Dipayal Silgadhi Municipality, Silgadhi, Doti**

## Invitation for Bids

**Date of publication: 2026-02-02 (AD)**

Dipayal Silgadhi Project Implementation Unit, Silgadhi, Doti Invites electronic bids to the eligible bidders for the following works under National Competitive Bidding.

| IFB No. | Description of Works | Bid Security (Nrs.) | Bid Document Fee (Nrs.) | Last Date/Time of Bid Submission |
|---|---|---|---|---|
| 06/WS/PIU/ DOTI | Construction of Naridang Ladagada Salada Water Supply Project. | 4.6 million | 20,000.00 | 2026-03-06 till 12:00 Hrs. |

Bid Validity/Bid Security Validity period 120/150 days from the last date of bid submission.
The detail notice can be assessed from www.bolpatra.gov.np/egp.

**Project Manager**

# सामाजिक न्यायको हक लागू गर्न सर्वोच्चको आदेश

**काठमाडौं/मस-** सर्वोच्च अदालतले संघ, प्रदेश र स्थानीय तहमा सामाजिक न्यायको हक लागू गर्न निर्देशनात्मक आदेश गरेको छ ।

न्यायाधीश डा.मनोजकुमार शर्मा र महेश शर्मा पौडेलको संयुक्त इजलासले २०८२ साल असार ४ मा भएको फैसलाको हालै सार्वजनिक पूर्णपाठमा नेपालको संविधानको धारा ४२ को सामाजिक न्यायको हक कार्यान्वयन गर्न निर्देशनात्मक आदेश गरेको हो ।




पूर्णपाठमा भनिएको छ, 'संघ, प्रदेश तथा स्थानीय तह र तीनवटै तहअन्तर्गतका निकायबाट नेपालको संविधानको धारा, ४२ को सामाजिक न्यायको हकको व्यवस्था, मर्म र भावनालाई पूर्ण रूपमा व्यवहारमा रूपान्तरण गर्नका लागि नियमित र निरन्तर सक्रियता र क्रियाशीलता अपनाउनू ।' रौतहट, फतुवा विजयपुर नगरपालिकाका खजान्ती महतो नुनियाँले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय संसद् सचिवालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई विपक्षी बनाई सामाजिक न्यायको हक कार्यान्वयन गराउन आदेशको माग गर्दै रिट निवेदन दायर गरेका थिए ।

नेपालको संविधानको मौलिक हकअन्तर्गत धारा, ४२ को सामाजिक न्यायको हकमा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, आपाङ्गता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ भनिएको छ ।

यस्तै, आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ भनी व्यवस्था गरिएको छ । अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुने र अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुने व्यवस्था गरेको छ ।

'प्रत्येक किसानलाई कानुनबमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउबिजन र कृषि प्रजातिको छनोट र संरक्षणको हक हुनेछ', उक्त धाराको उपधारामा भनिएको छ, 'नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनका लागि भएका सबै जन आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने सहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा द्वन्द्वपीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मानसहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानुनबमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ ।'

# पत्रकार महासंघ जापानको १५औं स्थापना दिवस मनाउने तयारी



**पूर्ण चलाउने/मध्यान्ह**
टोकियो, १८ माघ

नेपाल पत्रकार महासंघ जापान शाखाले आफ्नो १५औं स्थापना दिवस आगामी मार्च १५ तारिखमा भव्य रूपमा मनाउने निर्णय गरेको छ ।

स्थापना दिवसलाई विशेष बनाउँदै महासंघले प्रवासमा सक्रिय नेपाली पत्रकारहरूको योगदानको कदर गर्न प्रवास पत्रकारिता पुरस्कार स्थापना गर्ने तथा १० लाख येनको पत्रकार कल्याण कोष सञ्चालनमा ल्याउने महत्वपूर्ण निर्णयहरू गरेको छ । शाखाको हालै सम्पन्न नियमित दोश्रो बैठकले स्थापना दिवस कार्यक्रमको तयारी र व्यवस्थापनका लागि सचिव अर्जुन लामिछानेको संयोजकत्वमा उपसमिति गठन गरेको छ ।

उपसमिति सदस्यहरूमा दिनेश थापा, रामचन्द्र गिरी, दुर्गा आचार्य र भवानी भट्ट रहेका छन् । उपसमितिले कार्यक्रमको स्वरूप, व्यवस्थापन र समन्वयको जिम्मेवारी सम्हाल्ने छ ।

बैठकले स्थापना दिवसकै अवसरमा प्रदान गरिने गरी ५० हजार रुपैयाँ राशीको 'प्रवास पत्रकारिता पुरस्कार' स्थापना गर्ने निर्णय पनि गरेको छ । प्रवासमा रहेर नेपाली पत्रकारितामा योगदान पुऱ्याउने पत्रकारलाई प्रोत्साहन र सम्मान गर्ने उद्देश्यले उक्त पुरस्कार स्थापना गरिएको महासंघले जनाएको छ ।

पुरस्कारलाई पारदर्शी र व्यवस्थित रूपमा सञ्चालन गर्न मापदण्ड तथा कार्यविधि तयार गर्ने जिम्मेवारीसहित तीन सदस्यीय समिति गठन गरिएको छ । समितिको संयोजकको जिम्मेवारी पत्रकार खगराज गौतमलाई दिइएको छ भने सदस्यमा दिनेश कुमार थपलिया र इन्दिरा खनाल रहेका छन् । समितिले चाँडै कार्यविधि तयार गरी कार्यसमितिमा पेस गर्ने जनाएको छ ।

बैठकले प्रवासमा कार्यरत पत्रकारहरूको हित र कल्याणलाई ध्यानमा राख्दै १० लाख येनको पत्रकार कल्याण कोष स्थापना गर्ने निर्णय पनि गरेको छ । स्वास्थ्य उपचार, आकस्मिक समस्या, विपद् तथा आपतकालीन अवस्थाका बेला पत्रकारलाई सहयोग पुऱ्याउने उद्देश्यले उक्त कोष स्थापना गरिएको महासंघले जनाएको छ ।

कल्याण कोष सञ्चालन सम्बन्धी कार्यविधि महासंघ जापान शाखाका निवर्तमान अध्यक्ष शान्त पहरीको संयोजकत्वमा तयार पारिएको कार्यविधिलाई आवश्यक संशोधन सहित बैठकले पारित गरेको छ । साथै, कोषलाई दीर्घकालीन रूपमा प्रभावकारी बनाउन कार्यसमिति सदस्य, साधारण सदस्य, जापानस्थित नेपाली संघ-संस्था, व्यवसायी तथा शुभेच्छुकहरूलाई सहयोगका लागि आह्वान गरिएको छ ।

# अपराध नियन्त्रणमा सक्रिय हुन डिआइजी खत्रीको निर्देशन

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १८ माघ

लुम्बिनी प्रदेशका प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक (डीआईजी) भुपेन्द्र खत्रीले आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभा सदस्यको निर्वाचनलाई सफल बनाउने उद्देश्यले सुरक्षा व्यवस्थामा कुनै पनि कमीकमजोरी नगरी उच्च सतर्कताका साथ परिचालित हुन अर्घाखाँचीका प्रहरी कर्मचारीलाई निर्देशन दिएका छन् ।

जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीको निरीक्षणपछि आयोजित कार्यक्रममा बोल्दै डीआईजी खत्रीले उच्च व्यावसायिकता प्रदर्शन गर्दै चुनाव लक्षित सुरक्षा कारबाहीलाई तीव्र रूपमा कार्यान्वयन गर्न निर्देशन दिए । उनले भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन सबै प्रहरी कर्मचारी जिम्मेवारीपूर्वक खटिनुपर्ने बताए ।



डीआईजी खत्रीले कमीकमजोरी गर्ने कमाण्ड तथा गल्ती गर्ने कमाण्डरमाथि तत्काल कारबाही गरिने स्पष्ट पार्दै उच्च मनोबलका साथ काम गर्न प्रहरी कर्मचारीलाई आग्रह गरे । पदीय जिम्मेवारीमा रही कार्यक्षेत्रमा खटिँदा अनुशासन विपरीत काम गरेमा कडा कारबाही गरिने चेतावनीसमेत दिए ।

उनले निर्वाचन सफल बनाउन मातहतका सम्पूर्ण प्रहरी कर्मचारीलाई निर्वाचन आचारसंहिताको पूर्ण रूपमा पालना गर्दै निष्पक्ष र मर्यादित ढंगले परिचालन हुन निर्देशन दिए । साथै संगठनले लिएको नीति र सोचअनुसार सबै प्रहरी कर्मचारी आ-आफ्नो जिम्मेवारीमा थप सक्रिय हुनुपर्ने बताए ।

प्रदेश प्रहरी प्रमुख खत्रीले जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीको समग्र शान्ति सुरक्षा अवस्था, प्रशासनिक कार्यशैली, सेवा प्रवाह तथा अपराध नियन्त्रणको अवस्थाबारे जानकारीसमेत लिएका थिए । उनले नागरिकमैत्री सेवा प्रवाह गर्दै प्रहरी संगठनको व्यावसायिकता र अनुशासन कायम राख्न जोड दिए ।

डीआईजी खत्रीले आपराधिक गतिविधि नियन्त्रण, लागूऔषध दुर्व्यसन न्यूनीकरण, सवारी दुर्घटना रोकथाम तथा महिला, बालबालिका र ज्येष्ठ नागरिकको सुरक्षामा विशेष ध्यान दिन आग्रह गरे । साथै समुदाय-प्रहरी साझेदारीलाई प्रभावकारी बनाउँदै जनताको विश्वास जित्ने गरी काम गर्न निर्देशन दिएका थिए ।

अर्घाखाँचीका प्रहरी नायब उपरीक्षक दिवसबहादुर जिसीका अनुसार निर्वाचन सम्पन्न नहुँदासम्म गस्ती, पेट्रोलिङ तथा अन्य अपरेशनल गतिविधि अझ सशक्त बनाइनेछ । उनले प्रहरी संगठनले आर्थिक पारदर्शिता कायम गर्दै भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति अवलम्बन गर्ने बताए । डीआईजी खत्रीको अर्घाखाँची आगमनको अवसरमा जिल्ला प्रहरी कार्यालयमा प्रहरी अधिकृत तथा जवानहरूले स्वागत गरेका थिए ।

VACANCY ANNOUNCEMENT

Looking For Smart, Energetic, Experienced & Dynamic Candidates For Following Job Position.

Documentation Officer- 1(Male/Female)

Attractive Salary

★ Walk In Interview

Requirements :-
- At least 2 years experience in manpower field.
- Must know Saudi Arabia Documentation process.

Interested candidates send your CV to emascojobs@gmail.com

EMASCO NEPAL PVT. LTD. श्रम इजाजत नं. ११७/०५५/०५६
गोंगबु, सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४५६२७०८, ४५५७७०८, फ्याक्स नं.: ४३५७७०८, WhatsApp:- 9765821842

## साउदीमा रोजगार

कम्पनी: RAED FOODS CATERING COMPANY — शहर: SAUDI ARABIA
पूर्व स्वीकृत मिति: २०८२/१०/१८ — चलानी नं.: ६०२५१५८३ — LT. No.: 338118

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 2 | 0 | स. काममा दक्ष | 1000 | ३९,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २६ गते (9 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

HENNA ENTERPRISES MANPOWER CONSULTANTS
श्रम इजाजत नं. १७८७/०८२/०८३
Kathmandu Metropolitan City - 9, Tokha, Contact No: 14979649, E-mail: info@hennaconsultants.com, hennaconsultants2025@gmail.com, Website : www.hennaconsultants.com

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
बनेपा शाखा, बनेपा नगरपालिका, काभ्रेपलान्चोक
सम्पर्क फोन: + ९७७-०११-६६०८०३

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री लक्ष्मण खिचा श्रेष्ठको नाति, ब्रम्ह लाल खिचा श्रेष्ठको छोरा, बागमती प्रदेश काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका वडा नं. ०९ हाल बनेपा - ०२ बस्ने ५५ वर्षको श्री चाण्डिका प्रसाद खिचा श्रेष्ठको मिति २०७९/०९/२३ (ई.सं. ०७/०१/२०२३) मा मृत्यु भएकोले स्व. चाण्डिका प्रसाद खिचा श्रेष्ठको आमा हाल राजदास मार्ग, बनेपा - ०५ बस्ने श्रीमती चनमुती खिचा श्रेष्ठले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको बनेपा शाखा, बनेपा नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

28 Years of Excellence
बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
सालझण्डी शाखा, सैनामैना नगरपालिका, रूपन्देही
सम्पर्क फोन: + ०७१-४६५१७०

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री भिमलाल कंडेलको नातिनी, नेत्रलाल कंडेलको छोरी, लुम्बिनी प्रदेश अर्घाखाँची जिल्ला, पाणिनि गाउँपालिका वडा नं. ४ हाल सैनामैना नगरपालिका वडा नं. ११ बस्ने ३६ वर्षकी मेनुका कडेल मिति २०८२/०८/०७ (ई.सं. २३/११/२०२५) मा मृत्यु भएकोले स्व. मेनुका कडेलको पति हाल सैनामैना नगरपालिका - ११ बस्ने श्रीमान नारायण घिमिरे मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको सालझण्डी शाखा, सैनामैना नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

28 Years of Excellence
बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

## पिपुल्स इनर्जी लिमिटेड

**को आ.व. २०८१/०८२ को वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८२/१०/१९**

**श्री शेयरधनी महानुभावहरु,**

यस पिपुल्स इनर्जी लिमिटेडको सञ्चालक समितिको मिति २०८२/१०/१६ गते बसेको बैठकको निर्णयानुसार कम्पनीको नवौं वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा बस्ने भएकोले सो सभामा यहाँको सहभागिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा सम्बन्धी कार्यक्रम** :
मिति : २०८२/११/१० गते, आइतवार ।
समय : विहान १०:०० बजे ।
स्थान : कार्यालय परिशर नयाँ बानेश्वर, काठमाडौं ।
भर्चुअल : https://us05web.zoom.us/j/84890672563?pwd=ZitVKbNtBXi31NKiS6FsJyTM8BQlDv.1
Meeting ID : 848 9067 2563
Passcode : 3zPEQr

**वार्षिक साधारण सभाको विषय सूचि :**

**सामान्य प्रस्ताव**
(क) संचालक समितिको आ. व. २०८१/०८२ वर्षिक प्रतिवेदनमा छलफल गरी स्वीकृत गर्ने ।
(ख) कम्पनीको आ. व. २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरण छलफल गरी स्वीकृत गर्ने ।
(ग) आ. व. २०८२/०८२ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र पारीश्रमिक तोक्ने ।
(घ) कम्पनीको साधारण शेयर निष्काशन सम्वन्धमा ।
(ङ) सञ्चालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने ।

**विषेश प्रस्ताव**
(च) कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीको दफामा संशोधन गर्ने ।
(छ) विविध ।

**वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु**
१. वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिन बिहान ९:०० बजे देखि सभा सञ्चालन रहेसम्म खुल्ला रहनेछ ।
२. संगठित संस्था शेयरधनी भएकोमा त्यस्तो संस्थाले प्रतिनिधि नियुक्त गरेको व्यक्ति अख्तियारीपत्र सहित उपस्थित हुनु पर्नेछ । साथै प्राकृतिक व्यक्तिले नियुक्त गर्ने व्यक्ति कम्पनीको शेयरधनी हुनुपर्ने छ ।
३. सभामा भाग लिनको लागि प्रतिनिधि नियुक्त गर्न चाहने व्यक्तिगत शेयरधनीले कम्पनीको अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरि सभा हुनुभन्दा २४ घण्टा अगावै अर्थात मिति २०८२।११।०८ गते १० बजे भित्र कम्पनीमा उक्त प्रतिनिधि पत्र (प्रोक्सी) यस कम्पनीको कार्यालयमा दर्ता गराई सक्नुपर्ने छ ।
४. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा सम्पूर्ण शेयर विभाजन नहुने गरि एकै व्यक्तिलाई मात्र प्रतिनिधि नियुक्त गर्नुपर्ने छ । शेयर विभाजन गरि दिइएको प्रतिनिधि पत्र स्वतः बदर हुनेछ ।
५. साधारण सभामा सहभागी हुन अनिवार्य रुपमा आफ्नो परिचय-पत्रको विवरण प्रस्तुत गर्नुपर्ने छ ।

**साधारण सभा सम्बन्धी थप जानकारीका लागि कम्पनीको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।**

**सम्पर्क न. ०१-४७९१८९१**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## ओमनमा रोजगार

कम्पनी : NESTO HYPER MARKET LLC — शहर : OMAN
पूर्व स्वीकृत मिति: २०८१/११/०९ — चलानी नं.: ६०२३६५२२ — L.T. No.: 319227 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Arabic Food Cook/cooks | 29 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५७,२२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Butcher | 10 | 0 | | 130 | ४९,५९८ | | | | | | | |
| 3. | Butcher/meat Cutter | 6 | 0 | | 130 | ४९,५९८ | | | | | | | |
| 4. | Fish Monger | 8 | 0 | | 130 | ४९,५९८ | | | | | | | |
| 5. | Packing& Packaging Worker | 4 | 0 | | 100 | ३८,१५३ | | | | | | | |

अन्तर्वार्ता लुङ्मा क्याफे, झापामा २०८२ माघ २५ गते (8 February 2026) मा हुनेछ ।
अन्तर्वार्ता मुनाल ट्रेनिङ सेन्टर, इटहरीमा २०८२ माघ २६ गते (9 February 2026) मा हुनेछ ।
अन्तर्वार्ता भरतपुर गार्डेन, चितवनमा २०८२ माघ २७ गते (10 February 2026) मा हुनेछ ।
अन्तर्वार्ता रोज पार्टी प्यालेस, बुटवलमा २०८२ माघ २८ गते (11 February 2026) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २९ गते (12 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD. — श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.), गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२
Kathmandu No: 9851122190, 9851041811, 9805865194, 9805865193, 9805865192, 9823301035

## युएईमा रोजगार

कम्पनी: BELHOUL CONTRACTING — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/१०/१८ — चलानी नं.: ६०२५१५८० — LT. No.: 338133

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 96 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३९,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Marketing Executive | 0 | 2 | | 6000 | २,३९,९४० | | | | | | | |
| 3. | Receptionist | 0 | 2 | | 2000 | ७९,९८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २६ गते (9 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

सागर रिक्रुटमेन्ट प्रा. लि. — श्रम इजाजत नं. ८५५/०६७/०६८
धुम्बराही, काठमाडौं, नेपाल, फोन नं.: ०१- ४५४२२८५, ९८०१०४९२०८, ९८०१०४९२०९, ९८०१०४९२१०, ९८०१०४९२११, ९८०१०४९२१२, ९८०१०४९२१३
Email : info@sagarjob.com.np — Web : www.sagarjob.com.np

## यूएईमा रोजगार

कम्पनी: KIRUBA CONTRACTING LLC — शहर: UAE,DUBAI
पूर्व स्वीकृत मिति: २०८१/१२/१७ — चलानी नं.: ६०२३५४१७ — LT. No.: 321356 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 18 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४७,९८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Worker | 2 | 0 | | 900 | ३५,९९१ | | | | | | | |
| 3. | Brick Mason/Plaster Worker | 12 | 0 | | 1200 | ४७,९८८ | | | | | | | |
| 4. | Tile Layer. | 12 | 0 | | 1400 | ५५,९८६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २६ गते (9 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Concept Placement Resource Pvt. Ltd. — Gov. Lic. No. 1636/080/081
Basundhara 5, Kathmandu Nepal.Contact: 977 15918247, 9801186314.
9856065197, 9815184464, 9802368314, Email:inquiry@cpr.com.np, Website:www.cpr.com.np

## मलेसियामा रोजगार

कम्पनी: MUTIARA SECURITY SERVICES SDN. BHD. — शहर : MALAYSIA,KUALA LUMPUR
पूर्व स्वीकृत मिति: २०८२/०७/२१ — चलानी नं.: ६०२४७१२८ — LT. No.: 333497 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 45 | 0 | स. काममा दक्ष | 1700 | ६३,३४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २६ गते (9 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

EMINENCE Recruitment International Pvt Ltd — Gov. Lic No.: 1569/079/080
Bhimsengola-31, Prayagmarg, Kathmandu
Tel: 4110036, 4110040, 9849964370, 9709139159, 9707377701, 9841461232.
Email: info@eminencenepal.com. Web: ww.eminencenepal.com

## साउदीमा रोजगार

कम्पनी: KARAM AL-REEF GENERAL CONTRACTING ESTABLISHMENT — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०३/१८ — चलानी नं.: ६०२४०५३६ — L.T. No.:326574 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LOADING UNLOADING LABOR | 1 | 0 | स. काममा दक्ष | 1000 | ३९,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: KHALEDSAEEDAREM CONTRACTING ESTABLISHMENT — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/१०/१८ — चलानी नं.: ६०२५१५४७ — L.T. No.:338055

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LOADING UNLOADING LABOR | 16 | 0 | स. काममा दक्ष | 1000 | ३९,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २६ गते (9 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

FAZAL INTERNATIONAL PVT. LTD. — Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4581208, 4581209, Fax: 4581210

## कुवेतमा रोजगार

कम्पनी: BB Spa Salon for Ladies Beauty — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/११/१९ — चलानी नं.: ६०२३३९०२ — LT. No.: 319721 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manicure/Pedicure | 0 | 2 | स. काममा दक्ष | 150 | ७२,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २६ गते (9 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Guideline Recruitment Service Pvt. Ltd. — Govt.Lic.No 1061/073/74
Samakhusi, Kathmandu, Tel.: 4389497,982-2506451, 982-3461212
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

मध्यान्ह
www.madhyanhadaily.com
१९ माघ २०८२ सोमबार
2 February 2026 Monday

सम्पादकीय

# चुनावी विकृति रोक

प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि थुप्रै नेताहरूले दल बदलेर उम्मेदवारी दिएका छन् । चुनाव लड्नकै लागि उनीहरूले विचार, आदर्श र सिद्धान्त छाडेका छन् । विचार-सिद्धान्त र आदर्शबिना राजनीति सत्ता र स्वार्थको खेल मात्र बनिदिन्छ । दल बदलको यो प्रवृत्तिले संसदीय राजनीतिलाई विकृत बनाउन मद्दत गरिरहेको छ । चुनाव लड्नकै लागि पार्टी फेर्ने प्रवृत्तिबाट स्वच्छ, जिम्मेवार र निष्ठावान् राजनीतिको अपेक्षा गर्न सकिँदैन । यो संसदीय राजनीतिको गम्भीर विकृति हो । वर्षौं एउटै दलमा रहेर संगठन निर्माण, आन्दोलन र चुनावी संघर्ष गरेका नेताहरू टिकट नपाएको झोंकमा अन्तिम समयमा अर्को दल प्रवेश गर्नु सामान्य घटना होइन । फागुन २१ को निर्वाचनमा तीन दर्जनभन्दा धेरै निर्वाचन क्षेत्रमा यस्ता उम्मेदवार देखिएका छन् । नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिस्ट पार्टी, मधेसकेन्द्रित दलदेखि गत निर्वाचनबाट उदाएका नयाँ दलमा पनि त्यो समस्या विकराल देखिएको छ । यसले दलहरूभित्र नीति, सिद्धान्त र विचारभन्दा लोकप्रियवाद, चुनावी अंकगणित र जितको सम्भावनालाई मात्र महत्व दिने प्रवृत्ति मौलाउँदै गएको देखिन्छ ।

दल बदलको यस अभ्यासले निष्ठाको राजनीतिलाई कमजोर बनाउँदै लगेको छ । एउटै व्यक्ति फरकफरक चुनावमा फरक दलको झन्डा बोकेर उम्मेदवार बन्दा राजनीति अमुक पेसा वा ठेक्कापट्टाजस्तो बन्न पुगेको छ । यसले मतदातामा निराशा बढाएको छ । मतदाता एउटै अनुहारप्रति आजित छन् भने पुराना दल र नेताप्रति आमधारणा त्यति सकारात्मक छैन । संसदीय राजनीतिमा देखिएको अहिलेको विकृतिले राजनीतिलाई फोहोर खेल भन्ने र अविश्वासको नजरले हेर्नेहरूलाई नै बल पुऱ्याएको छ । यसको गम्भीर असर विभिन्न दलमा रहेका इमानदार कार्यकर्तामाथि परेको छ । वर्षौं पार्टीमा खटिएका, संगठन निर्माणमा हिँडेका कार्यकर्ता अवसरबाट निरन्तर वञ्चित भइरहेका छन् । रातारात पार्टी फेरेर आएका नेताहरूलाई टिकट दिँदा दलभित्रै असन्तुष्टि र गुटबन्दी बढेको छ । यसले दलहरूमा पारदर्शिता र आन्तरिक लोकतन्त्रलाई समेत कमजोर बनाएको छ ।

संसदीय लोकतन्त्र बलियो हुन नीति, विधि र विचारमा आधारित राजनीतिले महत्व पाउनुपर्छ । जनताले पनि त्यस्तो दल वा उम्मेदवारलाई आफ्नो मत दिनुपर्छ । दल बदललाई सामान्य चुनावी रणनीतिका रूपमा मान्ने हो भने त्यसले संसदलाई विचारविहीन थलो बनाउनेछ । आमनागरिकका असन्तुष्टि, गुनासो र निराशाबारे राजनीतिक दलहरूले गम्भीर आत्मसमीक्षा गरेर टिकटकै लागि दल बदल्ने प्रवृत्तिलाई निरूत्साहित गर्नैपर्छ । मतदाताले पनि निष्ठा र सिद्धान्त त्याग्ने नेताहरूलाई प्रश्न गर्ने साहस देखाउनुपर्छ । राजनीतिमा मौलाउन थालेका विकृतिलाई समयमै अन्त्य गरेर मात्र स्वच्छ, जिम्मेवार र जनमुखी राजनीति सम्भव छ ।

# आश्वासनको बजार र सत्ता यात्रा

*राजनीति सौन्दर्य प्रतियोगिता होइन, जहाँ अनुहार, उमेर वा लोकप्रियताले जित तय गरोस् । यो त दृष्टिकोण, योजना, इमानदारी र कार्यान्वयन क्षमताको परीक्षा हो ।*

अग्रलेख



● चन्द्रबहादुर बस्याल

आसन्न प्रतिनिधिसभा निर्वाचनले देशको राजनीति फेरि एकपटक तातिएको छ । चौतर्फी चुनावी चहलपहल, नाराबाजी, सपनाको व्यापार र आत्मविश्वासको राजनीतिक वातावरण केवल तातिएको मात्र छैन, कता-कता अस्वाभाविक रूपमा उकुसमुकुस पनि बनेको छ । निर्वाचनको मैदानमा उत्रिएका दलहरू बहुमत ल्याउने, पहिलो पार्टी बन्ने र सरकारको नेतृत्व गर्ने सपना देखाइरहेका छन् । सपना देखाउनु स्वाभाविक हो, तर समस्या त्यतिबेला सुरु हुन्छ, जब सपना योजनाभन्दा ठूलो र यथार्थभन्दा हलुका हुन्छ ।

चुनावी प्रतिस्पर्धामा रहेका केही दललेसरकार गठनपछिको प्रधानमन्त्रीसमेत पहिल्यै तय गरेर सार्वजनिक गरिसकेका छन् । मानौं, प्रधानमन्त्रीको नाम घोषणा गर्नासाथ बहुमत स्वतः झोलीमा खस्छ । संसदीय लोकतन्त्रको अभ्यासलाई गहिरोसँग नबुझ्दा यस्तो राजनीतिक भ्रम सिर्जना भएको देखिन्छ । संसदीय प्रणालीमा प्रधानमन्त्री संसद्बाट चयन हुन्छ, निर्वाचनपछि दलहरूबीचको गणित, सहमति र समझदारीले सरकार निर्माण हुन्छ । संसद् नै गठन नभइसकेको अवस्थामा प्रधानमन्त्री तोक्नु केवल राजनीतिक रोमाञ्च मात्र होइन, लोकतान्त्रिक प्रक्रियाप्रतिको सतही बुझाइको प्रमाण पनि हो ।

विश्व राजनीतिले यस्ता अभ्यासका नतिजा पटक-पटक देखाइसकेको छ । भारतमा नरेन्द्र मोदीलाई प्रधानमन्त्रीका रूपमा अगाडि सारेर चुनाव जितिएको उदाहरण दिइन्छ । तर त्यहाँ पनि मोदीको घोषणाभन्दा महत्वपूर्ण कुरा भारतीय जनता पार्टीको सांगठनिक शक्ति, स्पष्ट वैचारिक ध्रुवीकरण र दीर्घकालीन तयारी थियो । बेलायतमा टोनी ब्लेयर वा ऋषि सुनकजस्ता नेताहरू पनि पार्टीभित्रको प्रक्रियाबाटै उदाएका हुन्, चुनावअघि प्रधानमन्त्रीको रूपमा 'बिक्री' गरिएका होइनन् । अमेरिकामा त झन् राष्ट्रपति प्रणाली भए पनि केवल अनुहार होइन, पूरा प्रशासनिक टोली, नीति र रोडम्याप सार्वजनिक गरिन्छ । बराक ओबामाको लोकप्रियताभन्दा बढी चर्चा उनको 'होप एन्ड चेन्ज' अभियानको विस्तृत कार्ययोजनाले पाएको थियो ।

नेपालमा भने परिस्थिति उल्टो देखिन्छ । यहाँ व्यक्ति नै सबथोक जस्तो गरी प्रस्तुत गरिन्छ । बहुमत आउँछ कि आउँदैन, नीति के हो, प्राथमिकता के हुन्, को-को जिम्मेवारीमा हुन्छन् भन्ने प्रश्न गौण बनेका छन् । एउटा अनुहार अगाडि सारेर जनताको विवेक जितिन्छ भन्ने सोच आफैंमा जनतामाथिको अविश्वास हो । यसले नागरिकलाई सचेत मतदाता होइन, भावनामा बहकिने भीडका रूपमा हेर्ने मानसिकता झल्काउँछ ।

इतिहास हेर्दा, नेपालमा लोकप्रियता क्षणिक भएको उदाहरणको कमी छैन । गिरिजाप्रसाद कोइरालादेखि प्रचण्ड, बाबुराम भट्टराई हुँदै केपी शर्मा ओलीसम्म, हरेक कालखण्डमा 'अब देश बन्छ' भन्ने उच्च अपेक्षा सिर्जना गरिएको थियो । तर लोकप्रियता आफैंमा शासन क्षमताको प्रत्याभूति हुँदैन भन्ने कुरा व्यवहारले प्रमाणित गरिसकेको छ । दुई तिहाइ बहुमत पाउँदा पनि सरकार अस्थिर हुन सक्छ, नीति दिशाहीन हुन सक्छ र जनअपेक्षा अधुरै रहन सक्छ ।




युरोपका केही देशहरू यस मामिलामा फरक अभ्यास गर्छन् । जर्मनीमा चुनावअघि दलहरूले केवल चान्सलरको नाम होइन, 'शाडो क्याबिनेट' अर्थात् सम्भावित मन्त्रीहरूको टोली, नीति दस्तावेज र पाँचदेखि दस वर्षसम्मको रोडम्याप सार्वजनिक गर्छन् । मतदाताले कसलाई मात्र होइन, कुन समूह र कुन दिशालाई समर्थन गर्ने हो भन्ने निर्णय गर्न पाउँछन् । सिंगापुरमा नेतृत्व परिवर्तन हुँदा पनि व्यक्ति भन्दा प्रणाली, अनुशासन र कार्यक्षमतामाथि जोड दिइन्छ । ली क्वान युजत्तिकै शक्तिशाली नेतृत्वपछि पनि सिंगापुर अघि बढिरहनु त्यसैको प्रमाण हो ।

नेपालमा भने 'हिरो राजनीति' मौलाउँदै गएको छ । एउटा व्यक्तिले सबै बदलिदिन्छ भन्ने मिथक बलियो बनाइएको छ । जबकि शासन सामूहिक प्रयास हो । एउटा शौचालय बनाउन पनि इन्जिनियर, मजदुर, योजना र स्रोत चाहिन्छ भने एउटा देश रूपान्तरण गर्न त झन् कति संरचना, कति दक्षता र कति इमानदारी आवश्यक पर्छ । प्रधानमन्त्री केवल समन्वयकर्ता हो, सम्पूर्ण समाधानको अवतार होइन ।

युवा नेतृत्वको बहस पनि यहीँ अड्किएको छ । युवा हुनु आफैंमा कमजोरी होइन, सम्भावना हो । तर युवा भएकै कारणले सबै समस्या हल हुन्छ भन्ने दाबी पनि भ्रम नै हो । विश्व राजनीतिमा युवा र अनुभवी नेतृत्व दुवै सफल र असफल भएका उदाहरण छन् । फिनल्याण्डकी सन्ना मारिन युवा प्रधानमन्त्री थिइन्, तर उनको सफलतामा उमेरभन्दा बढी संस्थागत पारदर्शिता र नीति स्पष्टताले भूमिका खेलेको थियो । अर्कोतर्फ, केही देशमा युवा नेतृत्व भावनात्मक निर्णयका कारण आलोचित पनि भएका छन् । त्यसैले प्रश्न उमेरको होइन, दृष्टिकोण, क्षमता र प्रतिबद्धताको हो ।

यदि साँच्चै नागरिकलाई विश्वास दिलाउने हो भने दलहरूले व्यक्ति होइन, प्रणाली प्रस्तुत गर्नुपर्छ । सम्भावित

> *नेपालमा 'हिरो राजनीति' मौलाउँदै गएको छ । एउटा व्यक्तिले सबै बदलिदिन्छ भन्ने मिथक बलियो बनाइएको छ । जबकि शासन सामूहिक प्रयास हो । प्रधानमन्त्री केवल समन्वयकर्ता हो, सम्पूर्ण समाधानको अवतार होइन ।*

प्रधानमन्त्रीसँगै सम्भावित मन्त्रीहरू, नीति निर्माताहरू, प्रदेश र स्थानीय तहका नेतृत्वसम्मको खाका सार्वजनिक हुनुपर्छ । कुन मन्त्रालयले के गर्छ, पहिलो सय दिनमा के-के काम हुन्छ, पाँच वर्षमा के परिवर्तन देखिन्छ, असफल भए कसरी उत्तरदायी बनाइन्छ- यी सबै प्रश्नको उत्तर आवश्यक छ । केवल भाषण र नाराले अब काम चल्दैन ।

दुर्भाग्य के छ भने, पुराना दलहरूमा आत्मसमीक्षा गर्ने इच्छाशक्ति कमजोर देखिन्छ । आफूलाई नयाँ र वैकल्पिक भन्नेहरू पनि पुरानाको आलोचनामा सीमित छन्, नयाँ मार्गचित्र दिन सकिरहेका छैनन् । जनतालाई के नचाहिएको हो भन्ने त सबैलाई थाहा छ, तर के चाहिएको हो भन्ने स्पष्ट प्रस्ताव अझै आएको छैन ।

राजनीति सौन्दर्य प्रतियोगिता होइन, जहाँ अनुहार, उमेर वा लोकप्रियताले जित तय गरोस् । यो त दृष्टिकोण, योजना, इमानदारी र कार्यान्वयन क्षमताको परीक्षा हो । यदि यही पुरानै ढर्रामा केवल प्रधानमन्त्रीको नाम अघि सारेर चुनाव लड्ने अभ्यास चलिरह्यो भने, परिणाम पनि पुरानै दोहोरिनेछ ।

आज फेरि एकपटक प्रधानमन्त्री पदलाई विज्ञापनको सामग्री बनाइएको छ । तर विज्ञापन र यथार्थबीचको दूरी जनताले बारम्बार भोगिसकेका छन् । भोलि को प्रधानमन्त्री बन्छ, बन्दैमा कति टिक्छ, टिके पनि कति काम गर्छ- यी सबै अनिश्चित छन् । त्यसैले अब समय आएको छ, व्यक्तिको होइन, समग्रताको राजनीति गर्ने । प्रधानमन्त्री पदको मर्यादा बचाउन र लोकतन्त्रलाई गहिरो बनाउन यही एक मात्र बाटो हो ।

## इतिहासमा आज

२ फेब्रुअरी १९९८ मा सेबु प्यासिफिक उडान ३८७ फिलिपिन्सको माउन्ट सुमागायामा दुर्घटनाग्रस्त हुँदा जसमा सवार सबै १ सय ४ जनाको मृत्यु भएको थियो ।



२ फेब्रुअरी २००५ मा क्यानडा सरकारले नागरिक विवाह ऐन लागू गरेको थियो, यो कानुनको आधारमा समलिंगी विवाहलाई वैधानिकता दिँदै कानुन बनाइएको थियो ।



२ फेब्रुअरी २०१२ मा फिन्स्चाफेन जिल्ला नजिकै पपुवा न्यु गिनीको तटमा एमभी रबाउल क्वीन डुङ्गा डुबेको थियो, जसमा अनुमानित १ सय ६० भन्दा बढी यात्रुको मृत्यु भएको थियो ।



२ फेब्रुअरी २०२१ मा म्यानमारमा कु गरी लोकतान्त्रिक रूपमा निर्वाचित सरकारलाई अपदस्थ गरेपछि बर्मी सेनाले राज्य प्रशासन परिषद्, सैन्य जुन्टा स्थापना गर्दै सरकार सञ्चालन गरेको थियो ।



# 'झोले'भन्दा मान कि अपमान ?

टिप्पणी



● नरेन्द्रमान श्रेष्ठ

> *'झोले' व्यक्तिगत आक्रोशको रूपमा जन्म भएको शब्द हो । यस्तो शब्दको दीर्घकालीन प्रभाव समाजमा सकारात्मक हुने सम्भावना कम देखिन्छ । यस्तोमा 'झोले' शब्दलाई गर्वको प्रतीक बनाउनु भनेको बौद्धिकता र दृष्टिकोणलाई बिगार्नु हो ।*

अहिले सामाजिक सञ्जालमा व्यक्तिहरू र राजनीतिक दलहरूलाई 'झोले' भन्नु सामान्य भएको छ । तर यो केवल गालीगलौजको एउटा रूप होइन, बरु यसले समाजमा भेदभाव र असहिष्णुता बढाउनमा योगदान पुऱ्याएको छ । जब समाजका विभिन्न समूहले एकअर्कालाई झोले भन्न थाल्छन् तब त्यो केवल व्यक्तिगत अपमानको प्रश्न हुँदैन, बरु यसले सम्पूर्ण समाजको मानसपटलमा नकारात्मक असर पुऱ्याउँछ ।

झोले शब्दको प्रयोगले समाजमा द्वन्द्वको वातावरण सिर्जना गरेको छ । आजकल, कुनै पनि व्यक्ति वा समूहले आफूलाई मन नपरेका दल वा व्यक्तिलाई झोले भन्न थालेका छन् । यस्तो गालीगलौज सामाजिक सञ्जालमा मात्र सीमित छैन, बरु यो हाम्रो वास्तविक जीवनमा पनि फैलिएको छ । राजनीतिक दलका कार्यकर्ताहरू बीचमा मात्र होइन, साधारण नागरिक र सामाजिक संघसंस्थाबीच पनि यो शब्दको प्रयोग बढेको छ । यसले केवल राजनीतिक झगडा मात्र होइन, सामाजिक असहमति र कट्टरवादलाई पनि उत्तेजित गरिरहेको छ ।

विशेष रूपमा, राजनीतिक वृत्तबाट 'झोले' भन्ने शब्दलाई गर्वको रूपमा प्रस्तुत गर्न खोजिएको देखिन्छ । 'म झोले हुँ' ट्रेन्ड नै चलाइएको छ । 'झोले' व्यक्तिगत आक्रोशको रूपमा जन्म भएको शब्द हो । यस्तो शब्दको दीर्घकालीन प्रभाव समाजमा सकारात्मक हुने सम्भावना कम देखिन्छ । यस्तोमा 'झोले' शब्दलाई गर्वको प्रतीक बनाउनु भनेको बौद्धिकता र दृष्टिकोणलाई बिगार्नु हो । यसरी, एकातिर यस शब्दको प्रयोगले समाजमा व्याप्त कडवाहटलाई तीव्र बनाउँछ, अर्कोतिर यसले सामाजिक सहिष्णुताको स्थानमा असहिष्णुता र द्वन्द्वलाई बढावा दिन्छ ।

आजको समयमा, आफ्नो दलको पक्षमा बोल्नु र समर्थन गर्नु एकदमै संवेदनशील कुरा बनिसकेको छ । कुनै राजनीतिक दलको समर्थन गर्दा वा विरोध गर्दा सायद हामीलाई यसका नकारात्मक परिणामको डर पनि हुन्छ, किनकि सामाजिक सञ्जालमा आलोचना र गालीको सामना गर्नुपर्ने हुन्छ । यसमा विशेषगरी हामीले सोच्नुपर्ने कुरा भनेको, आफ्नो विचार व्यक्त गर्दा अरूलाई कतै पीडित त बनाइँदै छैन ? यसले हाम्रो सामाजिक जीवनमा द्वन्द्व र खिचातानीलाई केवल बढाउँदैन, बरु यसले मानवीय सम्बन्धहरूलाई पनि असर पुऱ्याउँछ ।

सामाजिक सञ्जालहरूको प्रभाव ठूलो छ र यसका दुष्परिणामहरू समाजमा गहिरो असर पार्न थालेका छन् । यसलाई सूचना प्रवाहको माध्यमको रूपमा प्रयोग गर्नु पर्ने हो भने, यसलाई घृणा र द्वन्द्वको उठाउँने औजार बनाउन ठीक होइन । समाजमा सहिष्णुता र आपसी सम्मानको आवश्यकता छ । यदि हामीले एकअर्कालाई झोले भन्ने जस्तो शब्दमा बाँध्ने काम गर्यौं भने, हामी आफूलाई र समाजलाई परिपक्व र विकासशील बनाउन सक्दैनौ ।

पछिल्लो समय, राजनीतिक दलहरूको आन्तरिक आलोचना र विरोध गर्ने कार्यलाई समाजले, खासगरी युवा पिढीँले गम्भीरतासाथ लिन थालेको छ । यसले राजनीति मात्र नभएर सामाजिक र सांस्कृतिक गतिविधिहरूमा पनि शंका र कट्टरवादलाई बढावा दिएको छ । केवल झोले शब्दको मात्र आलोचना गर्नु भनेको यस समस्याको जरा माथि पुग्न नसक्नु हो ।

समाजको स्थायित्व र सहिष्णुता चाहिएको समयमा, हामीलाई गालीगलौज र द्वन्द्वको भाषाको प्रयोगलाई एक तरिकाले व्याख्या गर्नुपर्नेछ । 'झोले' भन्ने शब्दको उपयोगले केवल आक्रोशको भावना जागाउँछ, जसले गर्दा सामूहिक विचारको विकास र समाजको सुसंस्कृत निर्माणमा बाधा पुऱ्याउँछ । समाजका प्रत्येक सदस्यलाई परिपक्व र सकारात्मक दृष्टिकोण अपनाउन प्रेरित गर्नु जरुरी छ, ताकि हामी आफ्नो भिन्नतामा पनि सहकार्य गर्न सकौं ।

## सामाजिक सञ्जाल



**मुमाराम खनाल**

पहिले, संसदमा आफ्नै पार्टीको झन्डै दुई तिहाइ बहुमत हुँदा संसद् विघटन गर्ने अनि अहिले, निर्वाचन आउन एक महिना मात्र बाँकी रहँदा संसद् पुनर्स्थापना गर्नुपर्ने ? केपी ओलीजस्तो उल्टो राजनीतिज्ञ, अहंकारको प्रयाय र अंगार ओकल्ने व्यक्ति स्वस्थ राजनीतिमा विरलै पाइन्छन् ।



**तारानाथ दाहाल**

कुन-कुन उम्मेदवारले आफ्नो सम्पत्ति, कर विवरण, कारोबार र व्यावसायिक स्वार्थको स्वघोषणा गरे; कसैले थाह पाउनु भएको छ ? कुरा गर्छन् सुशासनको ! सबै ठग हुन खोज्दै छन् । कसैले पेस गऱ्यो- संविधान संशोधनको मस्यौदा ? कसैले पेस गऱ्यो- १० वर्षदेखि बन्न नसकेका ऐनहरू पारित गर्ने समयबद्ध कार्यसूची ? खै, खै ?



**रामेश कोइराला**

चुनावी दौडमा बालेनको आफ्नै टिम देखिन्छ, जहाँ रास्वपाका मान्छे कतै देखिन्नन् । रवि बालेनको नाप लिन नसक्ने हालतमा पुगेका त होइनन् ? दलमा के-कसको के-के नाप्दै छन् हाम्रा महान् रवि सर ?



**गोकुल बाँस्कोटा**

चुनाव जित्ने दाबी र सिट आकंलन सुन्दा, पढ्दा कोही पनि दोस्रो हुँदैन । सबैले जितेको मात्र होइन एकल सरकार नै बनाइसकेको देखियो । तर खास कुरा मतदाताको मनमा के छ ? परिणाम त त्यै प्रकट होला । हो-हल्ला, झुटमुट, आरोप प्रत्यारोप त युरोप अमेरिकामा त देखिन्छ यो त नेपाल मामुली कुरो भैगो ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# रुकुम पश्चिममा पूर्वसहकर्मी आमनेसामने




**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १८ माघ

कुनै समय एउटै पार्टी र एउटै जिम्मेवारीमा सहकार्य गरेका नेताहरू अहिले रुकुम पश्चिमको चुनावी मैदानमा आमनेसामने भएका छन् । तत्कालीन नेकपा माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्मा (प्रभाकर) र केन्द्रीय सदस्य गोपाल शर्मा (अनल) अहिले फरक-फरक राजनीतिक धारबाट निर्वाचन प्रतिस्पर्धामा छन् ।

जनार्दन शर्मा गृहमन्त्री रहँदा गोपाल शर्मा गृह मन्त्रालयका मुख्य सचिवका रूपमा कार्यरत थिए । त्यसबेला पार्टीका कार्यक्रमदेखि गृह जिल्लाका गतिविधिसम्म अनलले प्रभाकरका नजिकका सहकर्मीका रूपमा भूमिका निर्वाह गरेका थिए। पार्टीका कुनै पनि कार्यक्रममा सहभागी हुँदा होस् वा गृह जिल्ला भ्रमणका क्रममा, गोपाल शर्माले सहयोगीको जिम्मेवारी सम्हाल्ने गरेका थिए ।

तर नेपाली कम्युनिष्ट पार्टी एकीकरणका बेला जनार्दन शर्मा सहभागी भएनन्। उनले प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोप) गठन गर्दै संरक्षकको भूमिका सम्हाले । जेनजी आन्दोलनपछि देश चुनावी माहोलमा प्रवेश गरेसँगै यी दुई पूर्व सहकर्मी फरक-फरक दलको प्रतिनिधित्व गर्दै पुनः राजनीतिक प्रतिस्पर्धामा उत्रिएका हुन् ।

आगामी निर्वाचनमा गोपाल शर्मा नेपाली कम्युनिष्ट पार्टीको तर्फबाट रुकुम पश्चिमका उम्मेदवार बनेका छन् भने जनार्दन शर्मा प्रगतिशील लोकतान्त्रिक पार्टीबाट उम्मेदवार बनेका छन् । कहिल्यै नछुट्ने सहयात्री मानिएका यी दुई नेताबीच अहिले आरोप-प्रत्यारोप तीव्र बनेको छ । चुनावी मैदानमा दुवै शर्मा सक्रिय छन् । गाउँ-गाउँ पुगेर जनतासँग भेटघाट गर्दै आफ्ना प्रतिबद्धता सुनाइरहेका छन् । गोपाल शर्माले कम्युनिष्ट आन्दोलनको 'लाल किल्ला'जोगाउनुपर्ने आवश्यकता औंल्याउँदै मत मागिरहेका छन् भने जनार्दन शर्मा चुनाव जितेर पुनः संसद प्रवेश गर्ने लक्ष्यसहित मतदाताको ढोका ढकढक्याइरहेका छन् ।

यसअघि कर्णाली प्रदेशका अर्थमन्त्री भइसकेका गोपाल शर्माले आफ्नो कार्यकालमा रुकुम पश्चिमका थुप्रै अधुरा योजनालाई पूर्णता दिएको दाबी गर्दै आएका छन् । कम्युनिष्ट आन्दोलनको विरासत जोगाउने उद्देश्यसहित आफू चुनावी मैदानमा उत्रिएको उनको भनाइ छ ।

# जेनजीले खोजेको राजनीति रास्वपाले गर्छ : डिपी अर्याल



**विनोद निगम/मध्यान्ह**
नवलपरासी, १८ माघ

नवलपरासी सदरमुकाम परासीमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले शनिबार सम्पर्क कार्यालय उद्घाटन तथा पार्टी प्रवेश कार्यक्रम आयोजना गरेको छ । कार्यक्रममा पार्टीका केन्द्रीय तथा स्थानीय नेता-कार्यकर्ताको उल्लेखनीय सहभागिता रहेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै रास्वपाका उपसभापति डि.पी. अर्यालले देशमा बढ्दो राजनीतिक निराशा, सुशासनको अभाव र नागरिक विश्वासको संकटका कारण वैकल्पिक राजनीतिको आवश्यकता बढेको बताए । उनले रास्वपा सत्ताकेन्द्रित नभई नागरिक-केन्द्रित राजनीतिमा विश्वास गर्ने पार्टी भएको दाबी गरे ।

'जेन-जी आन्दोलनले खोजेको सुशासन र देश परिवर्तनको बाटो रास्वपाको राजनीतिमार्फत सम्भव छ,' अर्यालले भने । बालेन शाह वा रवि लामिछाने एक्लैले मात्र सुशासन सम्भव नहुने उल्लेख गर्दै उनले त्यसका लागि रास्वपालाई संसदीय बहुमत दिन मतदातासँग आग्रह गरे ।

नवलपरासी निर्वाचन क्षेत्र नम्बर-१ का प्रतिनिधिसभा उम्मेदवार विक्रम खनालले पुराना राजनीतिक दलहरू भ्रष्टाचारमा लिप्त रहँदै सुशासन कायम गर्न असफल भएको आरोप लगाए । उनले लोकतन्त्र मतदानमा मात्र सीमित नहुने भन्दै जनताको आवाज नीति निर्माण प्रक्रियामा प्रतिबिम्बित हुनुपर्ने बताए ।

त्यसैगरी, नवलपरासी निर्वाचन क्षेत्र नम्बर-२ का उम्मेदवार नरेन्द्र गुप्ताले लोकतन्त्र र नागरिक अधिकारको सुनिश्चितता आवश्यक रहेकोमा जोड दिए । 'अबको लोकतन्त्रमा आफ्ना माग राख्दा नेपाली जनताले गोली खानु नपरोस्,'उनले भने । कार्यक्रममा विभिन्न राजनीतिक दल परित्याग गरी रास्वपामा प्रवेश गर्नेहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।


## गोलिया एवं चिरान काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/१०/१९ गते सोमबार**

यस कार्यालय तथा मातहतका सव डिभिजन वन कार्यालयमा बेवारिसे अवस्थामा रहेको साल, खयर, जंगली सिसौं, वृक्षारोपण सिसौं, जामुन, कर्मा, सागवान जातको जम्मा गोलिया/चिरान थान १७०८ को ४१८७.४० घ.फि. काठ हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस कार्यालय वा वन निर्देशनालय, बुटवल, रुपन्देहीबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।

**डिभिजन वन कार्यालय बाँके**

## कुवेतमा रोजगार

कम्पनीः MR.WASH WASH AND LUBRICATION STATION — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/१०/१८ — चलानी नं.: ६०२५१५३३ — LT. No.: 338009

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 135 | ६५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Car Washers | 3 | 0 | | 120 | ५७,८३६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ माघ २६ गते (9 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

Dana Human Resource Nepal Pvt. Ltd.
Govt Lic No. 1692/080/81
Sinamangal, Kathmandu, Tel.: 01-5923344, 9802373747
Email : danandepalpg@gmail.com , Web: www.danandepal.com

## जापानमा रोजगार

कम्पनी : KANKYOU SOUSEI KYODO KUMIAI — शहर : JAPAN,NAGOYA-SHI
पूर्व स्वीकृत मितिः २०८२/१०/१८ — चलानी नं.: ६०२५१५४१ — Lt. No.:338049

| सि. न. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steel Worker | 2 | 0 | 178097 | १,७०,६९६ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. ५०,००० कामदारले |

